# एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, २०७९

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "एकीकृत बस्ती विकास कार्यक्रम सञ्चालन नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "आयोजना" भन्नाले यस नियमावली बमोजिम निर्माण हुने एकीकृत बस्ती विकास कार्यक्रम सम्बन्धी आयोजना सम्झनु पर्छ।

(ख) "एकीकृत बस्ती" भन्नाले कर्णाली प्रदेशभित्रको कुनै भौगोलिक क्षेत्रमा भौतिक, सामाजिक, आर्थिक एवम् साँस्कृतिक पूर्वाधारलाई समेटी व्यवस्थित रुपमा निर्माण गरिने योजनावद्ध बस्ती सम्झनु पर्छ र सो शब्दले हाल अव्यवस्थित घना बस्ती र पूर्वाधार अभाव भएको बस्तीमा गरिने पूर्वाधार विकास कार्य तथा जोखिममा रहेका बस्तीका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने कार्यलाई समेत जनाउँछ।

(ग) "कार्यालय" भन्नाले कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय अन्तर्गतको पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ र सो शब्दले पूर्वाधार विकास निर्देशनालयलाई समेत जनाउँछ।

(घ) "छरिएर रहेका बस्ती" भन्नाले भौगोलिक रूपमा विकट, असुरक्षित स्थान र अन्य स्थानमा छरिएर रहेका न्यूनतम आवश्यक पूर्वाधार र सेवा सुविधा पुऱ्याउन कठीन हुने बस्ती सम्झनु पर्छ।

(ङ) "जोखिमयुक्त बस्ती" भन्नाले नियम ५ बमोजिम पहिचान भएका बस्ती सम्झनु पर्छ।

(च) "निर्देशक समिति" भन्नाले नियम २९ बमोजिमको निर्देशक समिति सम्झनु पर्छ।

सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल

सचिव

(छ) "निर्वाचन क्षेत्र" भन्नाले कर्णाली प्रदेशको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(ज) "पूर्वाधार" भन्नाले बाटो, पुल, ढल, सार्वजनिक शौचालय, खानेपानीका धारा, सडक बत्ती, सामुदायिक भवन, सामुदायिक सभा हल, विद्युत, स्वास्थ्य चौकी, अस्पताल, विद्यालय, सेवा केन्द्र, सुरक्षाकर्मीको लागि भवन, पोखरी, चौतारी, पार्क, बगैंचा, बैंक तथा वित्तीय संस्था, उद्योग, कलकारखाना र अन्य यस्तै प्रकृतिका भौतिक पूर्वाधार सम्झनु पर्छ।

(झ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय सम्झनु पर्छ।

(ञ) "लाभग्राही" भन्नाले नियम ६ बमोजिम छनोट भएका लाभग्राही घरपरिवार सम्झनु पर्छ।

(ट) "समन्वय समिति" भन्नाले नियम ३१ बमोजिमको कार्यक्रम कार्यान्वयन समन्वय समिति सम्झनु पर्छ।

(ठ) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्र रहेका नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।

परिच्छेद-२

## <u>एकीकृत बस्ती विकास र लाभग्राही पहिचान</u>

३. <u>एकीकृत बस्ती विकास</u>: भौगोलिक रुपमा विकट, छरिएर रहेको, सार्वजनिक सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठीन, अपायक र विपद्को उच्च जोखिममा रहेको वा विपद्को कारण क्षति पुगी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु पर्ने बस्तीको पहिचान गरी एकीकृत बस्ती विकास गरिनेछ।

४. <u>बस्तीको नक्साङ्कन र स्रोत नक्सा तयार गर्नु पर्ने</u>: (१) आयोजना सञ्चालन गर्न इच्छुक स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका बस्तीको विवरण सङ्कलन गरी भौगोलिक सूचना प्रणालीमा नक्साङ्कन गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम नक्साङ्कन गर्दा आफ्नो क्षेत्रभित्रका बस्तीको आर्थिक-सामाजिक अवस्था, आवासको घनत्व, बस्तीमा पूर्वाधारको पहुँच, जोखिम, प्राकृतिक स्रोत साधन, सार्वजनिक तथा सामुदायिक पूर्वाधार र छरिएर रहेका बस्तीको विवरणहरू समेटी स्रोत नक्सा तयार गर्नु पर्नेछ।

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल



सचिव

प्रमुख सचिव

५. **जोखिमयुक्त बस्ती र समुदायको पहिचानः** (१) यस नियमावली बमोजिम सम्बन्धित स्थानीय तहले अन्यत्र स्थानान्तरण गर्नु पर्ने जोखिमयुक्त बस्ती तथा सो स्थानमा बसोबास गर्ने समुदायको विस्तृत विवरण आयोजना कार्यान्वयन पूर्व तयार गर्नु पर्नेछ।

(२) सम्बन्धित स्थानीय तहले उपनियम (१) बमोजिमको विस्तृत विवरण जिल्ला विपद् व्यवस्थापन समितिबाट स्वीकृत गराई समन्वय समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको जोखिमयुक्त बस्ती र समुदायको पहिचान गर्दा देहायका आधारमा गर्नु पर्नेछः-

(क) विपद् घटनाका कारण घरबास गुमाएका वा पूर्ण क्षति भएका बस्ती वा समुदाय,

(ख) विपद्को उच्च जोखिम तथा असुरक्षित स्थानमा रहेको बस्ती,

(ग) भौगोलिक विकटता तथा दुर्गमताका कारण सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न असहज, अपायक वा कठीन हुने विकट तथा छरिएर रहेका बस्ती वा समुदाय,

(घ) विपद् जोखिम नक्साङ्कनमा परेका बस्ती वा समुदाय,

(ङ) एकीकृत बस्ती विकासका लागि तयार गरिएको विस्तृत आयोजना प्रतिवेदन,

(च) खानी तथा भुगर्भ विभागको सर्वेक्षण प्रतिवेदन,

(छ) भुगर्भविद्को सर्वेक्षण प्रतिवेदन।

६. **लाभग्राहीको पहिचान तथा छनोटः** (१) सम्बन्धित स्थानीय तहको कार्यपालिकाले नियम ५ बमोजिम पहिचान गरिएका जोखिमयुक्त बस्ती तथा समुदायमा रहेका घरपरिवार मध्येबाट एकीकृत बस्ती विकासका लागि लाभग्राहीको पहिचान तथा छनोट गर्न समन्वय समितिलाई सिफारिस गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त सिफारिसहरु मध्येबाट समन्वय समितिले लाभग्राहीको पहिचान तथा छनोट गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लाभग्राहीको पहिचान तथा छनोट गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) विपद् घटनाका कारण घरबास गुमाएको वा पूर्ण क्षति भएको जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय वा सिफारिस,

(ख) घर जग्गा नभएको वा विपद्को उच्च जोखिममा रहेको व्यहोरा खुल्ने सम्बन्धित वडाको सिफारिस,



सचिव

सचिव

(ग) जोखिमयुक्त स्थानमा बसोबास गरिरहेको व्यहोरा खुल्ने जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिस,

(घ) लाभग्राही बसोबास गर्दै आएको घरको हालको अवस्था सम्वन्धी स्थलगत निरीक्षण प्रतिवेदन।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राही छनोट गर्दा विपद्को उच्च जोखिम, बाढी पीडित, सुकुम्बासी, दलित, सीमान्तकृत र छरिएर बसोबास गरेको क्षेत्रलाई पहिलो प्राथमिकता दिई छनोट गर्नु पर्नेछ।

(५) यस नियम बमोजिम लाभग्राही छनोट गर्दा सगोलमा रहेका एक घरपरिवारको लागि एक आवास मात्र उपलब्ध हुने गरी लाभग्राही छनोट गरी एकीकृत बस्ती विकास गर्नु पर्नेछ।

**स्पष्टीकरणः** यस उपनियमको प्रयोजनको लागि "एक घरपरिवार" भन्नाले कानून बमोजिम मानो छुट्टिई भिन्न भई बसोबास नगरेको परिवार सम्झनु पर्छ।

७. **सुरक्षित स्थानको पहिचानः** (१) आयोजना सञ्चालन गर्न इच्छुक स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका सुरक्षित एकीकृत बस्ती, जग्गा एकीकरण गर्न सम्भाव्य क्षेत्र र जग्गा विकास वा पूर्वाधार विकास गर्न सकिने उपयुक्त स्थानको विवरण तयार गरी समन्वय समितिको सचिवालयमा पठाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त विवरण समन्वय समितिको सचिवालयले एकीकृत गरी मन्त्रालय, जिल्ला विपद् व्यवस्थापन समिति र सम्बन्धित स्थानीय तहलाई पठाउनु पर्नेछ।

८. **जग्गा व्यवस्थापनः** (१) यस नियमावली बमोजिम आयोजना सञ्चालन गर्नका लागि सुरक्षित र विवाद रहित आवश्यक जग्गाको व्यवस्था सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम जग्गा व्यवस्था गर्दा पूर्वाधार विकास गर्न सहज हुने जग्गा छनोट गर्नु पर्नेछ।

परिच्छेद-३

## योजना तर्जुमा र प्रस्ताव स्वीकृति

९. **आयोजना सञ्चालन हुनेः** यस नियमावली बमोजिम देहायका आयोजना सञ्चालन हुनेछन्:-

(क) संकटग्रस्त क्षेत्रमा बसेका वा प्राकृतिक प्रकोपका कारण घरबासविहिन भएका विपन्न परिवारका लागि एकीकृत आवास निर्माण गर्न,

सचिव

सचिव

(ख) अव्यबस्थित घना बस्ती र पूर्वाधार अभाव भएको बस्तीमा पूर्वाधार विकास गर्न,

(ग) जग्गा एकीकरण कार्यक्रम सञ्चालन गर्न,

(घ) जग्गा विकास कार्यक्रम सञ्चालन गरी नयाँ आवास विकास गर्न,

(ङ) छरिएर बसेका घर परिवारलाई एकीकृत बस्तीमा स्थानान्तरण गर्न,

(च) नयाँ स्थानमा एकीकृत बस्ती विकास गर्न,

(छ) विपद्का कारण घरबास गुमाएका विपन्न घर परिवारलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न,

(ज) आयोजनामा पूर्वाधार निर्माण।

१०. **आयोजनाको विस्तृत योजना प्रस्ताव तयार गर्नु पर्ने:** (१) सम्बन्धित स्थानीय तहले भौगोलिक रूपमा विकट, छरिएर रहेको, सार्वजनिक सेवा सुविधा पुऱ्याउन र प्राप्त गर्न कठीन, अपायक र विपद्को उच्च जोखिममा रहेको, विपद्को कारण क्षति पुगी सुरक्षित स्थानमा स्थानान्तरण गर्नु पर्ने बस्ती वा समुदायका लाभग्राहीको पहिचान पछि आयोजनाको विस्तृत योजना प्रस्ताव तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम विस्तृत योजना प्रस्ताव तयार गर्दा जग्गा एकीकरण, जग्गा विकास, पूर्वाधार विकास, एकीकृत बस्तीमा आर्थिक, सामाजिक तथा बजार विकास, सार्वजनिक सेवाको विस्तार र लगानीको प्रक्षेपणको स्पष्ट खाका समेट्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम आयोजनाको विस्तृत योजना प्रस्ताव तयार गर्दा सम्भव भएसम्म व्यावसायिक कृषि र गैरकृषि क्षेत्रमा रोजगारी सृजना हुन सक्ने अवस्थालाई ध्यान दिनु पर्नेछ।

११. **आयोजनाको अवधारणापत्र सम्बन्धी व्यवस्था:** (१) आयोजना सञ्चालन गर्न इच्छुक स्थानीय तहलाई लक्षित गरी मन्त्रालयले आफ्नो वेबसाईट, प्रदेश तथा राष्ट्रिय स्तरका पत्रपत्रिका मार्फत पन्ध्र दिनको समय सीमा दिई समन्वय समितिको सचिवालयमा अवधारणापत्र पेश गर्न सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) आयोजना सञ्चालन गर्न इच्छुक स्थानीय तहले उपनियम (१) बमोजिमको समय सीमाभित्र अनुसूची-१ बमोजिमको अवधारणापत्र पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम पेश भएका अवधारणापत्रलाई समन्वय समितिले सात दिनभित्र अनुसुची-२ बमोजिमको मूल्याङ्कनका आधारमा उपयुक्त प्रस्तावहरूलाई प्राथमिकीकरण गरी मन्त्रालयमा पठाउनु पर्नेछ।



सचिव

प्रमुख सचिव

(४) उपनियम (३) बमोजिम प्राथमिकीकरण भई मन्त्रालयमा प्राप्त अवधारणपत्रहरु मध्येबाट मन्त्रालयको सिफारिसमा निर्देशक समितिले अन्तिम छनोट गर्नेछ।

(५) उपनियम (४) बमोजिम छनोटमा परेका अवधारणापत्र बमोजिमको आयोजनाको प्रस्ताव पेश गर्न निर्देशक समितिको सचिवालयले सम्बन्धित स्थानीय तह र समन्वय समितिलाई सूचना दिनु पर्नेछ।

१२. **आयोजनाको प्रस्ताव सम्बन्धी व्यवस्थाः** (१) सम्बन्धित स्थानीय तहले नियम ११ को उपनियम (५) बमोजिमको सूचना प्राप्त गरेको मितिले सात दिनभित्र समन्वय समितिको सचिवालयमा अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव पेश गर्दा देहायका कागजात समेत पेश गर्नु पर्नेछः-

(क) आयोजना सञ्चालन सम्बन्धमा सम्बन्धित स्थानीय तहको कार्यपालिकाले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) लाभग्राही परिवारको विवरण,

(ग) आयोजनाको विस्तृत योजना प्रस्ताव।

(३) उपनियम (२) बमोजिमको प्रस्तावलाई समन्वय समितिले परीक्षण गरी रित पुगेका प्रस्तावलाई सात दिनभित्र सिफारिस सहित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त प्रस्तावहरु स्वीकृतिका लागि मंन्त्रालयले सिफारिस सहित निर्देशक समिति समक्ष पेश गर्नु पर्नेछ।

१३. **आयोजनाको छनोटः** (१) नियम १२ को उपनियम (४) बमोजिम पेश भएका प्रस्तावमध्येबाट समन्वय समितिको सिफारिस, भौगोलिक अवस्थिति, सडक, खानेपानी लगायतका पूर्वाधारको अवस्था, लाभग्राहीको तत्कालीन आवश्यकता, विपद् जोखिमको अवस्था र अव्यवस्थित घना बस्तीको आधारमा आयोजनाको अन्तिम छनोट निर्देशक समितिले गर्नेछ।

(२) उपनियम (१) बमोजिम आयोजना छनोट गर्दा विपद्को उच्च जोखिम, विपद् पीडित र छरिएर बसोबास गरेको बस्तीलाई प्राथमिकता दिई छनोट गर्नु पर्नेछ।

## परिच्छेद-४

## आयोजना कार्यान्वयन सम्बन्धी व्यवस्था

१४. **आयोजनाको कार्यान्वयनः** (१) नियम १३ बमोजिम छनोट भएका आयोजनाको कार्यान्वयन सम्बन्धित स्थानीय तहबाट हुनेछ।

(२) सम्बन्धित स्थानीय तहले स्वीकृत आयोजना बमोजिमको आवास, सडक, खानेपानी, ढल निकास, विद्युत, स्वास्थ्य संस्था, विद्यालय लगायतका आधारभूत पूर्वाधारको निर्माण गर्नु पर्नेछ।

१५. **<u>आयोजना कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u>:** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो, भूकम्प र आगलागी जस्ता विपद्का कारण घरबास गुमाएका वा पूर्ण क्षति भएको बस्ती तत्काल स्थानान्तरण गर्नु पर्ने अवस्थामा सम्बन्धित स्थानीय तह र जिल्ला विपद् व्यवस्थापन समितिको सिफारिसको आधारमा निर्देशक समितिले तोकेको स्थानमा विपद् पीडित समुदायका लागि प्रचलित कानून बमोजिम मन्त्रालयले आयोजना कार्यान्वयन गर्न सक्नेछ।

१६. **<u>सम्झौता गर्नु पर्ने</u>:** आयोजना कार्यान्वयन गर्ने स्थानीय तह र लाभग्राही बीच अनुसूची-४ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

१७. **<u>प्राविधिक सहायता उपलब्ध गराउनु पर्ने</u>:** आयोजना कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले सम्बन्धित जिल्लाको कार्यालयसँग प्राविधिक सहायता माग गर्न सक्नेछ। त्यसरी प्राविधिक सहायता माग गरेमा कार्यालयले प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ।

१८. **<u>सहयोग गर्नुपर्ने</u>:** प्रदेश सरकारका पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकाय र स्थानीय तहले आयोजना कार्यान्वयन भएका क्षेत्रमा सेवा एवम् पूर्वाधार विस्तार तथा विकास गर्दा आयोजना अनुसार सञ्चालन गर्न आवश्यक सहयोग गर्नु पर्नेछ।

१९. **<u>निर्माण सम्बन्धी कार्य</u>:** (१) आयोजनाको निर्माण सम्बन्धी कार्य प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम गर्नु वा गराउनु पर्नेछ।

(२) आयोजना मार्फत निर्माण हुने आवास तथा अन्य पूर्वाधारको नक्सा तथा डिजाइन विनियोजित बजेटको सीमाभित्र रही गरिने विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भए बमोजिम हुनेछ।

(३) आयोजना मार्फत् निर्माण हुने भवन तथा संरचनाको एकरूपता कायम गर्न र स्थानीय स्रोत साधनको अधिकतम् उपयोग हुने गरी त्यस्ता संरचनाको निर्माणका सम्बन्धमा ड्रइङ्ग, डिजाइन तथा मोडालिटी, न्यूनतम आधार र मापदण्ड मन्त्रालयले निर्धारण गर्न सक्नेछ।

(४) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लाभग्राहीका निम्ति आवास निर्माण प्रयोजनका लागि उपनियम (३) बमोजिम निर्धारित नमुना आवासको ड्रइङ्ग, डिजाइन, मापदण्ड र लागत अनुमानको अधीनमा रही कार्यालय वा स्थानीय तहले



सचिव

मुख्य सचिव

तोकेको प्राविधिकको सुपरिवेक्षणमा सम्बन्धित लाभग्राही स्वयम्ले आवास निर्माण गर्न सक्नेछ।

२०. **अनुगमन तथा मूल्याङ्कन**: (१) आयोजना कार्यान्वयन सम्बन्धमा मन्त्रालय, निर्देशक समिति, समन्वय समिति र सम्बन्धित कार्यालयले अनुगमन तथा मूल्याङ्कन गर्न सक्नेछ।

(२) आयोजना सञ्चालन गर्ने स्थानीय तहले मासिक रूपमा आयोजना कार्यान्वयनको प्राविधिक अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण गरी अनुसूची-५ बमोजिमको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

२१. **आवास तथा पूर्वाधार हस्तान्तरण**: (१) आयोजना कार्यान्वयन गर्ने स्थानीय तहले प्रचलित कानून बमोजिम निर्माण सम्पन्न भएका आवास एकाइ तथा पूर्वाधार क्रमशः लाभग्राही एवम् लाभग्राही समुदायलाई हस्तान्तरण गर्नेछ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरणबाट प्राप्त गरेको जग्गा तथा आवास पन्ध्र वर्षको अवधिसम्म लाभग्राहीको मृत्यु भई हकवालाको नाममा नामसारी गर्ने बाहेक अन्य कुनै पनि तवरले स्वामित्व हस्तान्तरण गर्न सकिने छैन।

२२. **आयोजना सम्पन्न भएको मानिने**: एकीकृत बस्ती विकासका लागि आधारभूत पूर्वाधार सहितको आवास निर्माण भई सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तथा सार्वजनिक सुनुवाई पश्चात् अन्तिम भूक्तानि भएपछि आयोजना सम्पन्न भएको मानिनेछ।

परिच्छेद-५

## बजेट सम्बन्धी व्यवस्था

२३. **बजेटको व्यवस्था**: (१) आयोजनाको लागि एकीकृत बस्ती विकास कार्यक्रममा विनियोजित बजेटबाट मन्त्रालयले आवश्यक बजेटको व्यवस्था गर्नु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने सम्बन्धित स्थानीय तहको आयोजना व्यवस्थापन तथा अनुगमन कार्यका निम्ति आयोजनाको लागि विनियोजित रकममध्येबाट बढीमा तीन प्रतिशत रकम कन्टिन्जेन्सी छुट्याउन सकिनेछ।

२४. **बजेट उपलब्ध गराउने**: (१) मन्त्रालयले नियम १३ बमोजिम छनोट भएको आयोजना कार्यान्वयनका लागि सम्बन्धित स्थानीय तहमा आर्थिक मामिला तथा योजना मन्त्रालयबाट प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली मार्फत् सःशर्त अनुदानको रुपमा बजेट उपलब्ध गराउनेछ।



सचिव

मुख्य सचिव

(२) उपनियम (१) बमोजिम बजेट उपलब्ध गराउँदा प्रति आवास एकाइ निर्माणका लागि लागत बमोजिम देहायको सीमा ननाघ्ने गरी आयोजनाबाट बजेट उपलब्ध हुनेछः-

(क) हुम्ला, डोल्पा र मुगु जिल्लामा प्रति आवास अधिकतम् आठ लाख रुपैयाँ,

(ख) जुम्ला र कालिकोट जिल्लामा प्रति आवास अधिकतम् छ लाख पचास हजार रुपैयाँ,

(ग) रुकुम पश्चिम, सल्यान, दैलेख र जाजरकोट जिल्लामा प्रति आवास अधिकतम् छ लाख रुपैयाँ,

(घ) सुर्खेत जिल्लामा प्रति आवास अधिकतम् पाँच लाख रुपैयाँ।

(३) स्थानीय तहले सुत्र (सवनेशनल ट्रेजरी रेगुलेटरी एप्लिकेशन) मा व्यवस्था भए बमोजिम बजेटको सञ्चालन गर्नु पर्नेछ।

(४) स्थानीय तहले आफूले व्यहोर्नु पर्ने लागत सहभागिताको रकम शीर्षकगत रुपमा कार्यपालिकाबाट निर्णय गरी सुनिश्चित गर्नु पर्नेछ।

२५. **सार्वजनिक पूर्वाधारको बजेटः** आयोजनामा आवास संरचना बाहेकका पूर्वाधार निर्माणका लागि सम्बन्धित आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भएको रकममध्येबाट निर्देशक समितिले स्वीकृत गरेको रकम उपलब्ध गराउनु पर्नेछ।

२६. **लागत सहभागिताः** (१) आयोजनाको लगानीबाट निर्माण गरिने नयाँ एकीकृत बस्तीमा आयोजनाका लाभग्राहीले प्रति आवास एकाइको कुल लागतको कम्तीमा पाँच प्रतिशत बराबरको श्रमदान, नगद वा सामग्री लागत सहभागिता बापत योगदान गर्नु पर्नेछ।

(२) यस नियमावली बमोजिम आयोजना कार्यान्वयन हुने स्थानीय तहले आयोजना प्रस्तावको कुल लागतको कम्तीमा दश प्रतिशत लागत सहभागिता वापत व्यहोर्नु पर्नेछ।

२७. **भूक्तानि सम्बन्धी व्यवस्थाः** आयोजनाको निर्माण प्रगतिको आधारमा सम्झौतामा उल्लेख भए बमोजिम बढीमा तीन किस्तामा सम्वन्धित स्थानीय तहले सम्बन्धित लाभग्राहीको बैङ्क खाता मार्फत प्रचलित कानून बमोजिम रकम भुक्तानी गर्नु पर्नेछ।

२८. **खर्चको लेखाङ्कन, अभिलेख, प्रतिवेदन तथा लेखापरीक्षणः** आयोजना कार्यान्वयनमा भएको खर्चको प्रचलित कानून बमोजिम लेखाङ्कन गर्ने, फाँटवारी तथा स्रेस्ताको अभिलेख राख्ने, प्रतिवेदन गर्ने तथा लेखापरीक्षण गराउने जिम्मेवारी आयोजना कार्यान्वयन गर्ने सम्बन्धित निकायको हुनेछ।

सचिव

मुख्य सचिव

## परिच्छेद-६

## समिति सम्बन्धी व्यवस्था

२९. **निर्देशक समिति**: (१) आयोजनाको प्रदेशस्तरमा समन्वय तथा नीतिगत मार्गदर्शन एवम् यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजनाको छनोट गर्न देहायका सदस्य रहेको एक निर्देशक समिति रहनेछ:-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | - संयोजक |
| (ख) मन्त्री, आन्तरिक मामिला तथा कानून | - सदस्य |
| (ग) मन्त्री, आर्थिक मामिला तथा योजना | - सदस्य |
| (घ) मन्त्री, भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत | - सदस्य |
| (ङ) प्रमुख सचिव, कर्णाली प्रदेश सरकार | - सदस्य |
| (च) उपाध्यक्ष, प्रदेश योजना आयोग | - सदस्य |
| (छ) सचिव, मन्त्रालय | - सदस्य-सचिव |

(२) निर्देशक समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ, प्राविधिक वा विषयगत निकायका प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) निर्देशक समितिको बैठक संयोजकको निर्देशनमा सदस्य-सचिवले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) बैठक सञ्चालन सम्बन्धी अन्य कार्यविधि निर्देशक समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) निर्देशक समितिको सचिवालय मन्त्रालयमा रहनेछ।

३०. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार**: निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) आयोजनाको नीति, कार्यनीति निर्धारण तथा नीतिगत स्पष्टता प्रदान गर्ने,

(ख) आयोजनाको रणनीतिक दिशा निर्धारण तथा मार्गदर्शन गर्ने,

(ग) आयोजनाको प्रभावकारी व्यवस्थापनको लागि निर्देशन गर्ने,

(घ) आयोजनाको प्राथमिकता, मूल्य मान्यता र कार्यसञ्चालन प्रणाली निर्धारण गर्ने,

(ङ) आयोजनाको समग्र नेतृत्व प्रदान गर्ने,

(च) समन्वय समिति मार्फत पेश भएका आयोजनाको अवधारणापत्र र प्रस्ताव स्वीकृत गर्ने,

(छ) आयोजनाको अनुगमन तथा मूल्याङ्कनका आधार तय गर्ने,



सचिव

प्रमुख सचिव

(ज) आयोजना कार्यान्वयनसँग सम्बन्धित निकाय तथा सरोकारवाला पक्षबीच समन्वय गर्ने,

(झ) आयोजना लागू भएको स्थानमा आवश्यक पर्ने थप पूर्वाधार विकासको लागि सम्बन्धित निकायलाई निर्देशन दिने,

(ञ) आयोजनाको प्रगति समीक्षा गर्ने,

(ट) आयोजनाको अनुगमन गर्ने वा गराउने।

३१. **आयोजना कार्यान्वंयन समन्वय समिति**: (१) आयोजना कार्यान्वयनको लागि प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा समन्वय र व्यवस्थापन गर्न देहायका सदस्य रहेको एक आयोजना कार्यान्वयन समन्वय समिति रहनेछः-

(क) सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रदेश सभामा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट निर्वाचित सदस्य - संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रमा स्थायी बसोबास भएका समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित कर्णाली प्रदेश सभा सदस्य - सदस्य

(ग) जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सो समितिको सदस्य - सदस्य

(घ) कार्यक्रम कार्यान्वयन हुने स्थानीय तहको प्रमुख वा अध्यक्ष - सदस्य

(ङ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(च) प्रमुख, कार्यालय - सदस्य-सचिव

(२) समन्वय समितिले आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिका पदाधिकारी, विषय विज्ञ, प्राविधिक वा विषयगत कार्यालयका प्रतिनिधिलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समन्वय समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) समन्वय समितिको सचिवालय कार्यालयमा रहनेछ।



सचिव

मुख्य सचिव

३२. <u>समन्वय समितिको काम, कर्तव्य र अधिकार</u>: समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोजनाको अवधारणापत्र र प्रस्ताव मन्त्रालयमा सिफारिस गर्ने,

(ख) आफ्नो क्षेत्रभित्र आयोजना कार्यान्वयनको सम्बन्धमा देखा परेका विवादको निरुपण गर्ने र निरुपण हुन नसक्ने विवादको सम्बन्धमा समाधानका लागि मन्त्रालयमा लेखी पठाउने,

(ग) आयोजना कार्यान्वयनको नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने वा गराउने,

(घ) विषयगत कार्यालय वा स्थानीय तहसँग आवश्यक समन्वय र सहजीकरण गर्ने,

(ङ) लाभग्राहीको पहिचान तथा छनोट गरी सोको विवरण सम्बन्धित स्थानीय तह र मन्त्रालयमा पठाउने,

(च) आयोजना कार्यान्वयनको सम्बन्धमा समीक्षा गर्ने।

परिच्छेद-७

## <u>विविध</u>

३३. <u>निर्देशन पालना तथा समन्वय</u>: (१) मन्त्रालयले आयोजना कार्यान्वयनको सिलसिलामा दिएको निर्देशन सम्बन्धित आयोजना कार्यान्वयन गर्ने निकाय वा व्यक्तिले पालना गर्नु पर्नेछ।

(२) आयोजना कार्यान्वयन गर्ने निकायले आयोजना सञ्चालन गर्दा प्रदेश सरकारका सम्बन्धित निकायसँग समन्वय गर्नु पर्नेछ।

३४. <u>प्राविधिक जनशक्ति</u>: आयोजनाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक सङ्ख्यामा जनशक्ति नभएको वा उपयुक्त सेवा वा समूहको जनशक्ति उपलब्ध नभएको अवस्थामा कार्यक्रम सञ्चालन खर्च (कन्टिन्जेन्सी) मा व्ययभार हुने गरी छोटो समयावधिको लागि आयोजना कार्यान्वयन गर्ने निकायले मन्त्रालयको पूर्व स्वीकृति लिएर प्रचलित कानून बमोजिम उपयुक्त प्राविधिक जनशक्ति एकमुष्ट वा मासिक ज्यालादारी वा सेवा करार गरी लिन सक्नेछ।

३५. <u>सार्वजनिक परीक्षण</u>: (१) सम्बन्धित स्थानीय तहले आयोजना कार्यान्वयनको प्रारम्भमा, आयोजनाको दोस्रो चरणको काम सम्पन्न भएपछि र आयोजना सम्पन्न भएपछि सार्वजनिक परीक्षण गरी आयोजनाको सम्पूर्ण पक्षको बारेमा सरोकारवालालाई जानकारी गराउनु पर्नेछ।



सचिव

सचिव

(२) आयोजना सम्पन्न भएपछि आयोजनाको अनुगमन गरी यसको प्राविधिक जाँचपास तथा फरफारक गर्नुपर्नेछ।

३६. **कारबाही हुने**: आयोजनाबाट लाभ लिने उद्देश्यले कुनै व्यक्तिले झुट्ठा विवरण पेश गरेमा वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

३७. **सुविधा नपाउने**: यस नियमावली बमोजिम आवास एकाइ प्राप्त गर्ने लाभग्राहीले नेपाल सरकार एवम् प्रदेश सरकारका अन्य कार्यक्रमबाट आवास निर्माण सुविधा पाउने छैन।

३८. **भवन निर्माण सम्बन्धी मापदण्डको पालना गर्नु पर्ने**: आयोजना कार्यान्वयन गर्दा नेपाल सरकारबाट स्वीकृत शहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ को पालना गर्नु पर्नेछ।

३९. **विवादको समाधान**: आयोजना कार्यान्वयनको क्रममा कुनै विवाद उत्पन्न भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

४०. **प्रचलित कानून बमोजिम हुने**: यस नियमावलीमा लेखिएको विषयमा यसै नियमावली बमोजिम र नलेखिएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

४१. **बाधा अड्काउ फुकाउन सक्ने**: यस नियमावली बमोजिम आयोजना कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

४२. **खारेजी र बचाउ**: (१) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ खारेज गरिएको छ।

(२) एकीकृत बस्ती विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही यस नियमावली बमोजिम भए गरेको मानिनेछ।

सचिव

प्रमुख सचिव

अनुसूची-१

(नियम ११ को उपनियम (२) सँग सम्वन्धित)

## एकीकृत बस्तीको अवधारणा पत्रको ढाँचा

| आयोजना सम्बन्धी जानकारी | |
|---|---|
| आयोजनाको नामः | |
| आयोजना रहने स्थानः | |
| आवेदक स्थानीय तहको नाम र ठेगाना | |
| आयोजना माग गर्ने सम्बन्धमा कार्यपालिकाको निर्णय | |
| **आयोजनाको अवधारणा** | |
| पृष्ठभूमी | |
| उद्देश्य | |
| आयोजना संक्षिप्त कार्यान्वयन योजना | |
| आयोजनाको लागि आवश्यक जग्गा व्यवस्थापनको सुनिश्चितताका आधार | |
| आयोजना अवधि | |
| आयोजना कूल लागत | |
| लागत सहभागिताको संरचना | कूल लागतः<br>आयोजनामा माग गरिएको रकमः<br>आवेदकले व्यहोर्ने रकमः |
| आयोजनाको उद्देश्यः | |
| आयोजनाको अपेक्षित नतिजा | आशातीत प्रतिफल, उपलब्धी, प्रभाव उल्लेख गर्ने |
| लाभग्राही संख्याः | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण खण्डीकृत तथ्याङ्क प्रयोग गर्ने |
| लाभाग्राहीको विवरणः | |
| आयोजनाको औचित्य | |
| **आयोजनाको कार्यान्वयन** | |



सचिव

सचिव

| | |
|---|---|
| आयोजना कार्यान्वयन योजना | |
| आयोजनामा संभावित जोखिम तथा न्यूनीकरणका उपायहरू: | |
| आयोजना कार्यान्वयनको प्राविधिक व्यवस्थापन (आवश्यक प्राविधिक यसको उपलब्धता) | |
| आयोजना अनुगमन तथा मूल्याङ्कन | |
| आयोजना बजेट बाँडफाँड | |

| सि.नं. | विवरण | एकाइ | लागत | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | आवास निर्माण | | | | |
| २ | सार्वजनिक पूर्वाधार निर्माण | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | कूल जम्मा | |

सचिव

प्रमुख सचिव

## अनुसूची-२

(नियम ११ को उपनियम (३) सँग सम्वन्धित)

### अवधारणापत्र मूल्याङ्कनका आधार

| क्र.स. | विषय क्षेत्र | मूल्याङ्कनका आधारहरु | छ | छैन | कैफियत |
|---|---|---|---|---|---|
| १. | एकीकृत बस्तीसँग सम्बन्धित आयोजना | आयोजना प्रस्ताव नियमावलीले तोकेको एकीकृत बस्ती विकासको क्षेत्रसँग सम्बन्धित रहेको | | | आवाश निर्माणको लागि जग्गाको सुनिश्चिता, जग्गा एकीकरण, आवास निर्माण, एकीकृत बस्तीको पूर्वाधार सुधार, एकीकृत बस्तीका लागि जग्गा विकास, एकीकृत बस्तीमा संकटग्रस्त बस्तीका परिवारको स्थानान्तरणको लागि आवास निर्माणसँग सम्बन्धित। |
| २. | लागत अनुमान | आयोजनाको लागत अनुमान तयार गरिएको | | | आवास तथा पूर्वाधार निर्माणका लागि प्राविधिकबाट लागत अनुमान तयार गरिएको। |
| ३. | लागत सहभागिता | स्थानीय तहको लागत सहभागिताको प्रतिबद्धता रहेको | | | प्रमुख वा अध्यक्षबाट प्रमाणित भएको पत्र। |
| ४. | आयोजन कार्यन्वयनको क्षमता | स्थानीय तहमा नेपाल इन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको सिभिल इन्जिनियर रहेको | | | कम्तीमा एक जना इन्जिनियर रहेको। |

सचिव

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | लागत | आयोजनाको कुल लागत नियमावली अनुसार रहेको | | | आयोजनाको अधिकतम् लागत एक करोड रुपैयाँ र न्यूनतम् पचास लाख रुपैयाँ रहेको। |
| ६. | प्रस्तावको निर्णय | प्रस्ताव पेश गर्ने निर्णय सम्बन्धित कार्यपालिकाको बैठकले गरेको | | | कार्यपालिकाको निर्णय पेश गरेको हुनु पर्ने। |
| ७. | गाउँ/नगर सभाबाट बार्षिक कार्यक्रम तथा बजेट पास भएको | चालु आ.व. को बजेट तथा कार्यक्रमलाई गत आ.व.को असार १० गते भित्र पेश गरी असार मसान्तभित्र पारित गरिएको | | | सभाको निर्णय प्रतिलिपि पेश गर्नु पर्नेछ। |
| ८. | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजा यसको पोर्टलमा प्रविष्ट गरिएको | स्थानीय तह संस्थागत स्वमूल्याङ्कनको नतिजालाई कार्यपालिकाको बैठकमा छलफल गरी वेबसाइट मार्फत पोर्टलमा प्रविष्टि गरी सार्वजनिक गरेको | | | कार्यपालिकाको निर्णय पेश गर्नु पर्ने<br>द्रष्टब्यः ईन्टरनेट सेवाको पहुँच नभएको स्थानीय तहको हकमा प्रदेश कार्यक्रम कार्यान्वयन ईकाइले पुनः विचार गर्न सक्नेछ। |
| ९. | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको नतिजा यसको पोर्टलमा प्रविष्ट गरिएको | स्थानीय तह वित्तीय सुशासन मूल्याङ्कनको बैठकमा छलफल गरी वेबसाइट मार्फत् पोर्टलमा प्रविष्ट गरी सार्वजनिक गरेको | | | कार्यपालिकाको निर्णय पेश गर्नु पर्ने<br>द्रष्टब्यः ईन्टरनेट सेवाको पहुँच नभएको स्थानीय तहको हकमा प्रदेश कार्यक्रम कार्यान्वयन ईकाइले पुनः विचार गर्न सक्नेछ। |
| १०. | नक्सा पास | नक्सा पास अनिवार्य गरिएको | | | नेपाल सरकारले तोकेको मापदण्ड अनुसार भवन निर्माण गर्दा नक्सा पास अनिवार्य गरिएको |

सचिव

प्रमुख सचिव

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | स्थानीय आर्थिक विकास सूचकांक | स्थानीय आर्थिक विकास सूचकांकको मूल्याङ्कन गरिएको | | | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नियमावली अनुसार |
| १२. | अन्तिम लेखा परीक्षण | गत आ.व. भन्दा अघिल्लो आ.व. को लेखा परीक्षण हुनु पर्ने र लेखा परीक्षण प्रतिवेदनमा गम्भिर किसिमका अनियमितता नदेखिएको | | | लेखा परीक्षणको प्रतिवेदन पेश गर्नु पर्ने। |

कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार, ऊर्जा तथा जलस्रोत मन्त्रालय सुर्खेत, नेपाल

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय वीरेन्द्रनगर, नेपाल

सचिव

प्रमुख सचिव

## अनुसूची-३

(नियम १२ को उपनियम (१) सँग सम्वन्धित)

**प्रस्तावको ढाँचा**

**१. आयोजना प्रस्ताव पेश गर्ने स्थानीय तहको,-**

(क) नाम:

(ख) ठेगाना:

(ग) सम्पर्क नं. र इमेल ठेगाना:

**२. आयोजनाको नाम:**

**३. आयोजनाको उद्देश्य:**

**४. आयोजना कार्यान्वयन हुने स्थान:**

**५. लाभग्राहीको परिवार र व्यक्तिको संख्या,-**

(क) परिवार संख्या: (ख) जनसंख्या:

**६. आयोजना सम्पन्न गर्न लाग्ने समय:**

**७. लागत रकम रु. ............।- (....................रुपैयाँ)**

**८. आयोजना कार्यान्वयनबाट प्राप्त हुने मुख्य उपलब्धी वा प्रतिफल:**

**९. संलग्न कागजात:-**

(क) सम्बन्धित स्थानीय तहको एकीकृत बस्ती विकास आयोजना कार्यान्वयन गर्ने सम्बन्धी कार्यपालिकाको निर्णयको प्रमाणित प्रतिलिपि,

(ख) लाभग्राही परिवारको विवरण,

(ग) आयोजना कार्यान्वयन हुने जग्गाको चार किल्लाको विवरण,

(घ) आयोजना अन्तर्गत निर्माण हुने आवास लगायतका पूर्वाधार संरचनाको ड्रइङ्ग, डिजाइन, स्पेशिफिकेशन र लागत अनुमान सहितको विस्तृत विवरण,

(ङ) आयोजना कार्यान्वयनको विधि,

(च) आयोजना कार्यान्वयनको प्रारम्भिक वातावरणीय अध्ययन वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन,

**स्थानीय तहको,**
**प्रमुख प्रशासकीय अधिकृतको दस्तखत:**
**नाम:**
**पद:**
**मिति:**

**स्थानीय तहको,**
**प्रमुख वा अध्यक्षको दस्तखत:**
**नाम:**
**पद:**
**मिति:**



सचिव

## अनुसूची-४

(नियम १६ सँग सम्वन्धित)

### स्थानीय तह र लाभग्राही बीच हुने सम्झौताको ढाँचा

..............................गाँउपालिका/नगरपालिका (यसपछि "प्रथम पक्ष" भनीएको) र ..............................बस्ने...........................को नाती/नातिनि..........................को छोरा/छोरी/बुहारी.............................को पति/पत्नी वर्ष..............................को श्री............................ (यसपछि "दोस्रो पक्ष" भनीएको) बीच कर्णाली प्रदेश सरकारद्वारा कार्यान्वयन भएको एकीकृत बस्ती विकास कार्यक्रम आयोजना अन्तर्गत निजी आवास निर्माण गर्ने सम्बन्धमा देहायका शर्तको अधीनमा रही काम गर्न मञ्जुर भई.....................गाउँ/नगर कार्यपालिकाको कार्यालयमा राजीखुसीले यो सम्झौता पत्रमा हस्ताक्षर गरी एक/एक प्रति लियौं, दियौं।

**शर्तहरुः**

१. प्रथम पक्षले दोस्रो पक्षलाई निर्धारित क्षेत्रमा आवास निर्माणका लागि आवास निर्माण हुने स्थान, आवासको ड्रईङ्ग, डिजाईन र लागत अनुमान तयार गरी उपलब्ध गराउनेछ। दोस्रो पक्षले प्राप्त लागत अनुमान र ड्रइङ्ग, डिजाइनका आधारमा यो सम्झौता भएको मितिले पन्ध्र दिनभित्र आवास निर्माणको कार्य सुरु गरिनेछ।

२. प्रथम पक्षले आवास निर्माणका लागि आवश्यक पर्ने प्राविधिक सेवा तथा परामर्श दोस्रो पक्षलाई उपलब्ध गराउनेछ। दोस्रो पक्षले आवास निर्माणको सम्बन्धमा प्रथम पक्षले दिएको सल्लाह तथा निर्देशनको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।

३. दोस्रो पक्षले सम्झौता भएको एक महिनाभित्र आवासको डि.पि.सि. तहको काम (यसपछि "पहिलो चरणको काम" भनीएको), दुई महिनाभित्र घर निर्माणको प्रारम्भिक कार्य सम्पन्न (यसपछि "दोस्रो चरणको काम" भनीएको) र तीन महिनाभित्र घर निर्माणको सम्पूर्ण कार्य सम्पन्न (यसपछि "तेस्रो चरणको काम" भनीएको) गरी फरफारकका लागि कार्यालयमा पेश गरी सक्नु पर्नेछ।

४. प्रथम पक्षले दोस्रो पक्षलाई प्राविधिक मूल्यांकन प्रतिवेदन, वडा कार्यालय र पालिका स्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिको सिफारिस र कार्यप्रगतिको अवस्था देखिने गरी लिएको तस्वीरको आधारमा पहिलो चरणको काम सम्पन्न भएपछि सम्झौता रकमको पच्चीस प्रतिशत रकम, दोस्रो चरणको काम सम्पन्न भएपछि



सचिव

पचास प्रतिशत र तेस्रो चरणको काम सम्पन्न भएपछि बाँकी पच्चीस प्रतिशत रकम बैङ्क खाता मार्फत भुक्तानी गर्नेछ।

५. प्रथम पक्षलाई दोस्रो पक्षले आवास निर्माण कार्य सम्पन्न भएपछि आवास हस्तान्तरण प्रमाण पत्र सहित आवास हस्तान्तरण गर्नेछ। यस सम्झौता बमोजिम बनाईएको आवासमा दोस्रो पक्षको परिवारले आवास प्रयोजनको लागि मात्र उपयोग गर्न पर्नेछ।

६. दोस्रो पक्षलाई हस्तान्तरण गरिएको जग्गा तथा आवास हस्तान्तरण गरिएको मितिले पन्ध्र वर्षसम्म निजको मृत्यु भई हकवालाको नाममा नामसारी गर्ने बाहेक कुनै पनि तवरले स्वामित्व हस्तान्तरण गर्न पाइने छैन।

७. दोस्रो पक्षले कार्यक्रमबाट लाभान्वित हुने उद्देश्यले झुट्टा विवरण पेश गरेमा वा झुट्टा व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा प्रथम पक्षले त्यस्तो कार्यमा संलग्न व्यक्तिलाई प्रचलित कानून बमोजिम कारबाहीका लागि सिफारिस गरी पठाउनेछ। झुट्टा विवरण वा सिफारिसका आधारमा प्राप्त गरेको जग्गा तथा आवास जफत गरिनेछ।

८. आवास निर्माणको गुणस्तर कायम गर्ने र समयमा सम्पन्न गर्ने सम्पूर्ण जिम्मेवारी दोस्रो पक्षको हुनेछ।

९. सम्झौताको कार्यान्वयनमा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ। त्यसरी विवाद समाधान नभएमा मन्त्रालयको निर्णय बमोजिम हुनेछ।

१०. यो सम्झौताको अवधि मितिः.............. देखि ............... सम्म बहाल रहनेछ।

**स्थानीय तहको तर्फबाट**
दस्तखतः
नामः
पदः
मितिः
कार्यालयको छापः

**लाभग्राहीको तर्फबाट**
दस्तखतः
नामः
मितिः

**साक्षीः**

दस्तखतः
नामः
पदः
मितिः

दस्तखतः
नामः
मितिः

ईति सम्वत् ......... साल .............महिना ..........गते राज......... शुभम् ...............



कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल
सचिव

अनुसूची-५

(नियम २० को उपनियम (२) सँग सम्वन्धित)

**प्रगति प्रतिवेदनको ढाँचा**

आयोजना सञ्चालन गर्ने स्थानीय तहको नामः-

ठेगानाः-

सम्पर्क नम्वरः-

इमेल ठेगानाः-

आ.व.ः-

(रु. हजारमा)

| क.सं. | आयोजनाको नाम | आयोजना सञ्चालन भएको स्थान, मिति र सम्पन्न हुने समयावधी | स्वीकृत बजेट रु. | ..... महिनाको लक्ष्य | | ..... महिनाको प्रगति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय | भौतिक | वित्तीय | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

आयोजना हेर्ने प्रविधिकः-

दस्तखतः-

मितिः-

प्रमाणित गर्नेः-

दस्तखतः-

मितिः-

सचिव

कर्णाली प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय वीरेन्द्रनगर, नेपाल